# देशको वर्तमान आर्थिक स्थिति

*(आर्थिक वर्ष २०६१/६२ को प्रथम नौ महिनाको तथ्याङ्कमा आधारित)*

**नेपाल राष्ट्र बैंक**

**आषाढ २०६२**

www.nrb.org.np

## मौद्रिक स्थिति

१. आर्थिक वर्ष २०६१/६२ को प्रथम नौ महिनासम्ममा मौद्रिक योगाङ्कहरुमध्ये विस्तृत मुद्रा प्रदाय ($M_2$) को वृद्धिदरमा कमी आएको छ भने संकुचित मुद्रा प्रदाय ($M_1$) को वृद्धिदरमा विस्तार आएको छ । यस वर्ष विस्तृत मुद्रा प्रदाय ६.२ प्रतिशतले बृद्धि भई २०६१ चैत्र मसान्तसम्ममा रु २ खर्ब ९४ अर्ब ४० करोड पुगेको छ । गत वर्ष विस्तृत मुद्रा प्रदाय ९.१ प्रतिशतले बढेको थियो । खुद वैदेशिक सम्पत्तिको वृद्धिमा आएको कमीका कारण विस्तृत मुद्रा प्रदायको विस्तारमा कमी आएको हो । संकुचित मुद्रा प्रदाय गत वर्ष ६.४ प्रतिशतले वृद्धि भएको तुलनामा यस वर्ष ७.० प्रतिशतले बढ्न गई रु. १ खर्ब ५१ करोड पुगेको छ । आवधिक निक्षेपको वृद्धि दरमा गत वर्षको तुलनामा यस वर्ष कमी आएको हुंदा संकुचित मुद्रा प्रदायको वृद्धिदर केही उच्च रहेको हो । समीक्षा अवधिमा आवधिक निक्षेप ५.८ प्रतिशतले वृद्धि भई रु १ खर्ब ९३ अर्ब ८९ करोड पुगेको छ । गत वर्ष आवधिक निक्षेप १०.५ प्रतिशतले वृद्धि भएको थियो ।

### मौद्रिक योगाङ्कलाई प्रभाव पार्ने कारक तत्वहरु

२. **सञ्चित मुद्रा** :-मुदा प्रदायका प्रत्यक्ष कारकहरुमध्ये, यस वर्षको समीक्षा अवधिमा, सञ्चित मुद्रा (Reserve Money) गत वर्षको ८.८ प्रतिशतले बढेको तुलनामा समीक्षा अवधिमा १.४ प्रतिशतले घटेर रु ९३ अर्ब ७ करोडमा झरेको छ । खासगरी बाणिज्य बैंकहरुको नेपाल राष्ट्र बैंकसँगको मौज्दातमा उल्लेख्य कमी आएका कारण सञ्चित मुद्रा घटेको हो । अर्को तर्फ समीक्षा अवधिमा खुद वैदेशिक सम्पत्ति गत वर्षको तुलनामा कम दरले मात्र बढेकोले पनि सञ्चित मुद्रा घट्न गएको हो ।

३. **मुद्रा गुणक** :- यस वर्ष दुवै मुद्रा गुणकहरु($M_1$ तथा $M_2$) मा वृद्धि भएको छ । गत वर्ष संकुचित मुद्रा गुणक ($M_1$ multiplier) १.०११ रहेकोमा यस वर्षको समिक्षा अवधिमा १.०८० रहेको छ । त्यसैगरी विस्तृत मुद्रा गुणक ($M_2$ multiplier) गत वर्ष ३.०४४ रहेकोमा यस वर्ष ३.१६३ रहेको छ । निजी क्षेत्रमा बैंक कर्जा विस्तार हुन गई वाणिज्य बैंकहरुको अधिक तरलता अनुपातमा कमी आएकोले यस वर्ष मौद्रिक गुणकमा वृद्धि भएको हो ।

४. **खुद वैदेशिक सम्पत्तिः-** मौद्रिक सर्वेक्षणको आधारमा विश्लेषण गर्दा मौद्रिक योगाङ्कमा विस्तारकारी भूमिका खेल्ने खुद वैदेशिक सम्पत्ति (विदेशी विनिमय मूल्याङ्कन समायोजन समेत) यस वर्ष ७.८ प्रतिशतले बढ्न गई रु १ खर्ब १२ अर्ब ८५ करोड पुगेको छ । गत वर्ष खुद वैदेशिक सम्पत्ति १५.१ प्रतिशतले बढेको थियो । यो वर्ष, वैदेशिक ऋण सहयोगमा कमी आएकोले खुद वैदेशिक सम्पत्तिको वृद्धिदर अघिल्लो वर्षको भन्दा कम रहन गएको हो ।

५. **श्री ५ को सरकारमाथिको दावी** :- यस वर्ष पनि श्री ५ को सरकारको नेपाल राष्ट्र बैंकमा नगद मौज्दात कायम रहेकोले मौद्रिक क्षेत्रको श्री ५ को सरकारमाथिको खुद दावी ४.१ प्रतिशतले घट्न गई रु ५९ अर्ब ७५ करोडमा झरेको छ । गत वर्ष सो दावी ११.८ प्रतिशतले घटेको थियो ।

६. **सरकारी संस्थानमाथिको दावी** :- यस वर्ष मौद्रिक क्षेत्रको गैर वित्तीय संस्थानहरुमाथिको दावी ४.१ प्रतिशतले वृद्धि भई रु ३ अर्ब ४ करोड पुगेको छ । बाणिज्य बैंकहरुद्धारा नेपाल आयल निगम, नेपाल खाद्य संस्थान, नेशनल ट्रेडिङ्ग लिमिटेड जस्ता गैरवित्तीय संस्थानहरुलाई गएको कर्जामा वृद्धिको कारण उक्त दावीमा वृद्धि भएको हो । गत वर्ष सो दावी ३.१ प्रतिशतले बढेको थियो । मौद्रिक क्षेत्रको वित्तीय संस्थानहरुमाथिको दावी गत वर्ष ११.५ प्रतिशतले बढेको तुलनामा यस वर्ष ७.३ प्रतिशतले घट्न गई रु १२ अर्ब ३७ करोडमा झरेको छ । ग्रामीण विकास बैंक तथा विकास बैंकहरुले नेपाल राष्ट्र बैंकवाट उपयोग गरेको केही पुनर्कर्जा चुक्ता गरेकोले मौद्रिक क्षेत्रको वित्तीय संस्थानहरुमाथिको दावी घट्न गएको हो ।

७. **निजी क्षेत्रमा प्रवाहित कर्जाः-** मौद्रिक क्षेत्रको निजी क्षेत्रमाथिको दावी गत वर्ष ११.७ प्रतिशतले बढेकोमा यस वर्ष १३.२ प्रतिशतले बढ्न गई रु १ खर्ब ९५ अर्ब ३६ करोड पुगेको छ । नेपाल बैंक लि., कृषि विकास बैंक तथा हिमालयन बैंक लि., नेपाल इन्भेष्टमेण्ट बैंक, एभरेष्ट बैंक, बैंक अफ काठमाण्डू र माछपुच्छ्रे बैंक जस्ता बाणिज्य बैंकहरुले प्रतिस्पर्धात्मक ढंगवाट उपभोग्य कर्जा विस्तार गरेको कारण निजी क्षेत्रमाथिको दावी यस वर्ष उल्लेख्य रुपमा बढ्न गएको हो ।

८. **आन्तरिक कर्जा** :- श्री ५ को सरकारको दावी र वित्तीय संस्थाहरुमाथिको दावीमा कमी आएतापनि निजी क्षेत्रमाथिको दावी र गैरवित्तीय सरकारी संस्थानहरुमाथिको दावी बढ्न गएको कारण मौद्रिक क्षेत्रको कूल

आन्तरिक कर्जा यस वर्ष ७.७ प्रतिशतले बढ्न गई रु २ खर्ब ७० अर्ब ५२ करोड पुगेको छ। गत वर्ष सो कर्जा ५.१ प्रतिशतले बढेको थियो । कुल आन्तरिक कर्जामा श्री ५ को सरकारको अंश गत वर्ष २३.१ प्रतिशत रहेकोमा यस वर्ष २२.१ प्रतिशतमा झरेको छ ।

९. **खुद अमौद्रिक दायित्व तथा खुद आन्तरिक सम्पत्तिः-** मुद्रा प्रदायमा संकुचनकारी भूमिका खेल्ने खुद अमौद्रिक दायित्व (विदेशी विनिमय मूल्याङ्कन समायोजन समेत) यस वर्ष १३.१ प्रतिशतले बढ्न गई रु ८८ अर्ब ९७ करोड पुगेको छ। राष्ट्रिय वाणिज्य बैंक, नेपाल क्रेडिट एण्ड कमर्शियल बैंक, हिमालयन बैंक, नेपाल बंगलादेश बैंक जस्ता बाणिज्य बैंकहरुले खराव कर्जाको लागि राख्नु पर्ने जगेडाको रकम र राष्ट्रिय वाणिज्य बैंक बाहेक माथि उल्लेखित बैंकहरुको चुक्ता पूंजी वृद्धि भएकोले यस वर्ष खुद अमौद्रिक दायित्व बढ्न गएको हो । गत वर्ष खुद अमौद्रिक दायित्व ४.२ प्रतिशतले मात्र बढेको थियो । कूल आन्तरिक कर्जामा खुद अमौद्रिक दायित्व समायोजन गरेपछि यसवर्ष खुद आन्तरिक सम्पत्ति (विदेशी विनिमय मूल्यांकन समायोजन समेत) ५.१ प्रतिशतले बढ्न गई रु १ खर्ब ८१ अर्ब ५५ करोड पुगेको छ। गत वर्ष खुद आन्तरिक सम्पत्ति ५.६ प्रतिशतले बढेको थियो । मौद्रिक क्षेत्रको कुल आन्तरिक कर्जामा गत वर्षको तुलनामा यस वर्ष बढी नै दरले वृद्धि भए तापनि खुद अमौद्रिक दायित्वमा उच्च वृद्धिले गर्दा खुद आन्तरिक सम्पत्ति गत वर्षको तुलनामा कम दरले वृद्धि भएको हो ।

## मौद्रिक उपायहरुको कार्यान्वयन स्थिति

१०. नेपाल राष्ट्र बैंकबाट आर्थिक वर्ष २०६१/६२ को प्रथम ९ महिनासम्ममा खुला बजार विक्री बोलकवोल मार्फत रु १० अर्ब ५० करोड तरलता प्रशोचन भयो भने सोहि अवधिमा रु १ अर्ब ३१ करोड खरिद बोलकवोल गरी तरलता प्रवाह गरियो। नेपाल राष्ट बैंकले यस अवधिमा रिपो वोल कवोल मार्फत रु ५ अर्ब ७६ करोड तरलता प्रवाह गऱ्यो। साथै, रिभर्स रिपो बोलकवोल मार्फत रु ५ अर्ब २७ करोड तरलता प्रशोचन गऱ्यो। यसरी दोस्रो बजार मार्फत यस आर्थिक वर्षको प्रथम ९ महिनासम्ममा रु ७ अर्ब ७ करोड बरावरको तरलता प्रवाह गरियो र रु १५ अर्ब ७७ करोड बरावरको तरलता प्रशोचन भयो । फलस्वरुप, खुद तरलता प्रशोचन रु ८ अर्ब ७० करोड रह्यो । यस अवधिमा नेपाल राष्ट्र बैंकले समग्र (cumulative terms) मा रु ४४ अर्ब २० करोड बराबर स्थायी तरलता सुविधा प्रदान ग-यो ।


११. त्यसैगरी नेपाल राष्ट्र बैकले विदेशी मुद्रा बजारमा हस्तक्षेप गरी यस अवधिमा रु २ अर्ब ८४ करोड बरावर अमेरिकी डलर विक्री गऱ्यो भने सोही अवधिमा रु २७ अर्ब ९५ करोड बरावर अमेरिकी डलर खरीद ग-यो । फलस्वरुप, नेपाल राष्ट्र बैंकले यस अवधिमा विदेशी मुद्रा हस्तक्षेपमार्फत् खुद रु २५ अर्ब ११ करोड बरावरको तरलता प्रवाह गऱ्यो ।

१२. वाणिज्य बैंकहरुको कर्जा विस्तार हुन गई अधिक तरलतामा कमी आएकोले २०६१ श्रावणमा ०.६२ प्रतिशत रहेको ९१ दिने ट्रेजरी विल्स दर २०६१ चैत्र महिनामा ३.११ प्रतिशतमा उक्लेको छ । यसरी चालु आर्थिक वर्षका सुरुका महिनाहरुमा देखिएको अधिक तरलताको स्थितिमा प्रथम ९ महिनासम्ममा उल्लेख्य सुधार आएको छ ।

## शेयर बजार गतिविधि

१३. २०६० चैत्र महिनाको तुलनामा २०६१ चैत्र महिनामा संख्यात्मक तथा रकमगत शेयर कारोवारमा अत्याधिक वृद्धि भएको छ । साथै, शेयर बजारका अन्य परिसूचकहरुमध्ये शेयर मूल्य, सूचीकृत भएका कम्पनीहरुको संख्या र बजार पूँजीकरणमा पनि वृद्धि भएको छ । वित्त कम्पनी र होटल समूह वाहेक बाणिज्य बैंक, विकास बैंक एवं सबै समूहका कम्पनीहरुको दोस्रो बजार कारोवार उल्लेखनीय रुपमा बढेको छ । सूचीकृत कम्पनीहरुको संख्यामा वृद्धि भए अनुरुप २०६० चैत्र महिनाको तुलनामा २०६१ चैत्र महिनामा चुक्ता पूँजी २८.३ प्रतिशतले वृद्धि भई रु. १६ अर्ब ६५ करोड पुगेको छ । वाणिज्य बैंकहरु, वित्त कम्पनीहरु तथा बीमा कम्पनीहरुले नयाँ शेयर सूचीकृत तथा लाभप्रद शेयर जारी गरेकाले चुक्ता पूँजीमा वृद्धि भएको हो । २०६० चैत्र महिनाको तुलनामा २०६१ चैत्र महिनामा सूचीकृत कम्पनीहरुको बजार पूँजीकरण ६२.७ प्रतिशतले वृद्धि भई रु. ६२ अर्ब ५७ करोड पुगेको छ । २०६० चैत्र मसान्तमा कारोवार बन्द हुँदा २०१.२२ रहेको नेप्से परिसूचक २०६१ चैत्र मसान्तमा ९२.०४ विन्दु ( ४५.७ प्रतिशतले) ले वृद्धि भई २९३.२६ पुगेको छ । नेपाल स्टक एक्सचेञ्ज लि. मा २०६० चैत्र महिनामा सूचीकृत कम्पनीहरुको संख्या ११२ रहेकोमा २०६१ चैत्र महिनामा १२३

पुगेको छ । गत वर्षको चैत्र महिनामा ६७ वटा कम्पनीहरुको शेयर कारोवार भएकोमा यस वर्ष ८७ वटा कम्पनीहरुको कारोवार भएको छ ।




१४. २०६१ चैत्र महिनामा रु. २९ करोड ५५ लाख मूल्यका ८ लाख ५८ हजार कित्ता शेयर खरीदबिक्री भएका छन् । गत वर्षको सोही महिनामा रु. ८ करोड ७४ लाख मूल्यका ३ लाख ४२ हजार कित्ता शेयर खरीदबिक्री भएका थिए । २०६१ चैत्र महिनामा गत वर्षको सोही महिनाको तुलनामा संख्यात्मक शेयर कारोवारमा २.५ गुणाले र रकमगत कारोवारमा ३.४ गुणाले वृद्धि भएको छ ।

१५. २०६१ चैत्र महिनामा कुल कारोवार रकममा वाणिज्य बैंक समूहको ८६.२ प्रतिशत, वित्त कम्पनी समूहको ६.९ प्रतिशत, बीमा कम्पनी समूहको २.४ प्रतिशत, विकास बैंक समूहको १.५ प्रतिशत, व्यापारिक समूहको ०.५ प्रतिशत, औद्योगिक उत्पादन तथा प्रशोधन कम्पनी समूहको ०.४ प्रतिशत, अन्य समूहको २.० प्रतिशत योगदान रहेको छ भने होटेल समूहको योगदान नगण्य रहेको छ । २०६० चैत्रमा वाणिज्य बैंक समूहको ६०.६ प्रतिशत, वित्त कम्पनी समूहको ३०.८ प्रतिशत, बीमा कम्पनी समूहको ३.८ प्रतिशत, विकास बैंक समूहको ०.६ प्रतिशत, होटल समूह ०.५ प्रतिशत, औद्योगिक उत्पादन तथा प्रशोधन कम्पनीको ०.१ प्रतिशत, व्यापारिक समूहको १.६ प्रतिशत र अन्य समूहको योगदान २.२ प्रतिशत रहेको थियो ।

## मूल्य स्थिति

१६. विन्दुगत आधारमा शहरी क्षेत्रको राष्ट्रिय उपभोक्ता मूल्य सूचकाङ्क २०६१ चैत्रमा ५.८ प्रतिशतले बढ्न गएको छ । २०६० चैत्रमा यस्तो वृद्धिदर १.७ प्रतिशत मात्र रहेको थियो । २०६१ पौष महिनामा पेट्रोलियम पदार्थको मूल्यमा भएको वृद्धिको प्रभाव घरायसी सामान तथा सेवा, यातायात तथा संचार र रेष्टुराँको खानाको मूल्यमा पर्न गई मूल्य सूचकाङ्क गत वर्षको तुलनामा यस वर्ष बढी दरले वृद्धि हुन गएको हो । साथै, अन्न तथा अन्नबाट बनेका परिकारहरु, तरकारी तथा फलफूल, माछा, मासु तथा फुल एवं चिनी तथा चिनीजन्य पदार्थको मूल्यमा भएको वृद्धिले समेत मूल्य सूचकाङ्कको वृद्धिमा थप चाप परेको छ । २०६० चैत्रमा १५४.१ विन्दुमा रहेको समग्र मूल्य सूचकाङ्क २०६१ चैत्रमा १६३.१ विन्दुमा पुगेको छ ।

१७. गत आर्थिक वर्षको प्रथम नौ महिनाको औसत मूल्य वृद्धिदर ४.७ प्रतिशत रहेकोमा यस वर्ष यस्तो वृद्धिदर ३.९ प्रतिशत मात्र रहेको छ ।

१८. विन्दुगत आधारमा खाद्य तथा पेय पदार्थको मूल्य गत वर्ष २.४ प्रतिशतले बढेकोमा यस वर्ष ४.८ प्रतिशतले बढेको छ । चिनी तथा चिनीजन्य पदार्थ, तरकारी तथा फलफूल, माछा मासु तथा फुल, रेष्टुराँको खाना एवं अन्न तथा अन्नबाट बनेका परिकारहरुको मूल्य बढेको कारण गत वर्षको तुलनामा यस वर्ष यस समूहको मूल्य सूचकाङ्क बढेको छ । यस समूह अन्तर्गतका उप-समूहहरुमध्ये चिनी तथा चिनीजन्य पदार्थ (२८.२ प्रतिशत), ), तरकारी तथा फलफूल (८.५ प्रतिशत), रेष्टुराँको खाना (७.५ प्रतिशत), माछा, मासु तथा फुल (६.१ प्रतिशत), अन्न तथा अन्नबाट बनेका परिकारहरु (४.७ प्रतिशत, पेय पदार्थ (३.५ प्रतिशत), दलहन (१.९ प्रतिशत), दुध

तथा दुग्धजन्य पदार्थ (०.१ प्रतिशत) को मूल्यमा वृद्धि हुन गएको छ भने तेल तथा घ्यू (५.६ प्रतिशत) र मरमसला (३.१ प्रतिशत) को मूल्यमा ह्रास आएको छ ।

१९. यस वर्ष गैर-खाद्य वस्तु तथा सेवा समूहको मूल्य सूचकाङ्क ६.८ प्रतिशतले बढ्न गएको छ । गत बर्ष यस्तो मूल्य सूचकाङ्क १.१ प्रतिशतले मात्र बढेको थियो । समीक्षा अवधिमा पेट्रोलियम पदार्थको मूल्यमा भएको वृद्धिको प्रभावबाट यातायात तथा संचार एवं घरायसी वस्तु तथा सेवाको मूल्यमा उच्च दवाव परेकोले यस समूहको मूल्य सूचकाङ्क उच्च दरले वृद्धि हुन गएको हो । यस समूह अन्तर्गतका उप-समूहहरुमा यातायात तथा संचार (१४.१ प्रतिशत), घरायसी सामान तथा सेवाहरु (१२.२ प्रतिशत), शिक्षा, शैक्षिक सामाग्री तथा मनोरञ्जन (४.८ प्रतिशत), लत्ता कपडा तथा तयारी लुगा (२.६ प्रतिशत), सूर्ती तथा सूर्तीजन्य पदार्थ (२.५ प्रतिशत), जुत्ता (१.३ प्रतिशत) र औषधी तथा व्यक्तिगत हेरचाह (१.१ प्रतिशत) सबैको मूल्यमा वृद्धि भएको छ ।

२०. क्षेत्रगत आधारमा वार्षिक विन्दुगत रुपमा काठमाडौं उपत्यकामा ५.५ प्रतिशत, तराईमा ५.७ प्रतिशत र पहाडमा ६.५ प्रतिशतले मूल्य सूचकाङ्कमा वृद्धि भएको छ । गत वर्ष यस्तो वृद्धिदर काठमाडौं उपत्यकामा ५.३ प्रतिशत, तराईमा ०.१ प्रतिशत र पहाडमा ०.८ प्रतिशतले रहेको थियो । खाद्य तथा पेय पदार्थको मूल्य सूचकाङ्क काठमाडौ उपत्यकामा ४.२ प्रतिशत, पहाडमा ५.७ प्रतिशत र तराईमा ४.९ प्रतिशतले बृद्धि भएको छ । त्यस्तै गरी, गैर-खाद्य वस्तु तथा सेवा समूहको मूल्य सूचकाङ्क काठमाडौ उपत्यकामा ६.९ प्रतिशत, पहाडमा ७.४ प्रतिशत र तराईमा ६.६ प्रतिशतले वृद्धि भएको छ ।

**शहरी क्षेत्रको राष्ट्रिय उपभोक्ता मूल्य सूचकाङ्क**

(आधार वर्ष २०५२।५३ = १००)

| | पेट्रोलियम पदार्थको मूल्य र मु.अ.करको दर दुवैमा वृद्धि नभएको अवस्था | | पेट्रोलियम पदार्थको मूल्यमा वृद्धि नभएको तर मु.अ.करको दरमा वृद्धि भएको अवस्था | | पेट्रोलियम पदार्थको मूल्य वृद्धि तर मु.अ.करको दरमा वृद्धि नभएको अवस्था | | पेट्रोलियम पदार्थको मूल्य र मु.अ.करको दर दुवैमा वृद्धि भएको अवस्था | |
|---|---|---|---|---|---|---|---|---|
| | १ | | २ | | ३ | | ४ | |
| अवधि | सूचकाङ्क | प्रतिशत परिवर्तन | सूचकाङ्क | प्रतिशत परिवर्तन | सूचकाङ्क | प्रतिशत परिवर्तन | सूचकाङ्क | प्रतिशत परिवर्तन |
| २०६१।६२* | १५९.४ | ३.० | १५९.७ | ३.२ | १६१.२ | ४.१ | १६१.५ | ४.३ |

* *अनुमानित*

यस आर्थिक वर्षमा तीन पटक गरी औषत ३५.७ प्रतिशतले पेट्रोलियम पदार्थको मूल्यमा भएको बृद्धि र मूल्य अभिवृद्धि करको दर साविक १०.० प्रतिशतबाट १३.० प्रतिशतमा बृद्धि हुँदा क्रमशः १.१५ प्रतिशत र ०.१८ प्रतिशत गरी कूल १.३३ प्रतिशतले समग्र मूल्य सूचकाङ्कमा चाप पर्ने देखिन्छ ।


माथिको तालिका अनुसार पेट्रोलियम पदार्थको मूल्य र मूल्य अभिवृद्धि करको दर दुवैमा वृद्धि नभएको अवस्थामा कूल सूचकाङ्क १५९.४ विन्दुमा रहन गई मुद्रास्फीति दर ३.० प्रतिशतमा मात्र रहने, पेट्रोलियम पदार्थको मूल्यमा वृद्धि नभएको तर मूल्य अभिवृद्धि करको दरमा वृद्धि भएको अवस्थामा कूल सूचकाङ्क १५९.७ विन्दुमा रहन गई मुद्रास्फीति दर ३.२ प्रतिशतमा रहने, पेट्रोलियम पदार्थको मूल्य वृद्धि तर मूल्य अभिवृद्धि करको दरमा वृद्धि नभएको अवस्थामा कूल सूचकाङ्क १६१.२ विन्दुमा रहन गई मुद्रास्फीति दर ४.१ प्रतिशतमा रहने तथा पेट्रोलियम पदार्थको मूल्य र मूल्य अभिवृद्धि करको दर दुवैमा वृद्धि भएको हालको अवस्थामा कूल सूचकाङ्क १६१.५ विन्दुमा रही मुद्रास्फीति दर ४.३ प्रतिशतमा रहने अनुमान गरिएको छ ।

२१. वार्षिक विन्दुगत आधारमा राष्ट्रिय थोक मूल्य सूचकाङ्क २०६१ चैत्र महिनामा ८.४ प्रतिशतले बृद्धि भई १२३.७ विन्दुमा पुगेको छ । गत वर्षको यसै अवधिमा यस्तो वृद्धिदर २.६ प्रतिशत मात्र रहेको थियो । गत वर्षको तुलनामा यस वर्ष मरमसला, फलफूल तथा तरकारी र दलहनको मूल्यमा ह्रास आए तापनि नगदे वाली (आलु तथा जुट), रासायनिक मल तथा रसायनिक वस्तु, खाद्यान्न एवं पेट्रोलियम पदार्थ र कोइलाको मूल्यमा वृद्धि भएका कारण मूल्य सूचकाङ्क बढी दरले वृद्धि हुन गएको छ । समूहगत रुपमा आयातीत वस्तुहरुको मूल्य सूचकाङ्क १२.२ प्रतिशत, कृषि सम्बन्धी वस्तुहरुको ७.७ प्रतिशत, र स्वदेशमा उत्पादित वस्तुहरुको ४.० प्रतिशतले वृद्धि भएको छ । गत वर्षको प्रथम नौ महिनाको औसत मूल्य वृद्धिदर ४.२ प्रतिशत रहेकोमा यस वर्ष यस्तो मूल्य वृद्धिदर ६.५ प्रतिशत रहन गएको छ ।

## सरकारी वित्त स्थिति

२२. श्री ५ को सरकारको कुल खर्चलाई साधारण र विकास खर्चमा वर्गीकरण गर्ने गरिएकोमा आर्थिक वर्ष २०६१/६२ देखि यसमा परिवर्तन गरी चालु खर्च, पूंजीगत खर्च र सांवा भूक्तानी गरी तीन भागमा बर्गीकरण गरिएको छ । यी शीर्षकहरु र विगत आर्थिक वर्षहरुमा भएको साधारण र विकास खर्च शीर्षकहरुमा भएको खर्चको तुलनात्मक बिश्लेषण गर्न सान्दर्भिक हुने नदेखिएकोले यस आर्थिक वर्षको प्रथम नौ महिनाकों तथ्यांक मात्र प्रस्तुत गरिएको छ । नगद प्रवाहमा आधारित तथ्यांक अनुसार श्री ५ को सरकारको कुल खर्च गत वर्ष ११.८ प्रतिशतले बढेकोमा यस वर्ष ८.९ प्रतिशतले बढेर रु. ५३ अर्ब ५० करोड पुगेको छ । यस वर्षको कुल खर्चमध्ये चालु खर्चतर्फ रु. ३८ अर्ब ७८ करोड (७२.५ प्रतिशत), पूंजीगत खर्चतर्फ रु. ६ अर्ब ९३ करोड, (१३.० प्रतिशत), सांवा भुक्तानीतर्फ रु. ६ अर्ब ४० करोड (१२.० प्रतिशत) र फ्रिजतर्फ रु. १ अर्ब ३९ करोड (२.५ प्रतिशत) रहेको छ ।

२३. गत वर्ष १२.४ प्रतिशतले वृद्धि भएको गैर-ऋण साधन (राजस्व, गैर-बजेटरी तथा अन्य आय र बाह्य अनुदान) यस वर्ष १३.६ प्रतिशतले वृद्धि भई रु. ५२ अर्ब १५ करोड पुगेको छ । सरकारी साधनको प्रमुख स्रोत (८८.८ प्रतिशत) को रुपमा रहेको राजस्व गत वर्ष १३.८ प्रतिशतले वृद्धि भएकोमा यस वर्ष ११.७ प्रतिशतले वृद्धि भई रु. ४६ अर्ब ३१ करोड पुगेको छ । बाह्य अनुदान गत वर्ष २ अर्ब ८२ करोड प्राप्त भएकोमा यस बर्ष रु. ४ अर्ब १४ करोड प्राप्त भएको छ ।



चार्ट नं.: २
कुल सरकारी खर्च, साधन तथा बजेट सन्तुलन

२४. कुल सरकारी खर्चको तुलनामा साधन परिचालनको वृद्धिदर उच्च रहेको कारण २०६१ चैत्र मसान्तसम्ममा सरकारी बजेट घाटा ५८.३ प्रतिशतले ह्रास भई रु.१ अर्ब ३५ करोडमा झरेको छ । गत वर्ष यस अवधिमा रु. ३ अर्ब २५ करोड बजेट घाटा भएको थियो । यस वर्ष वैदेशिक नगद ऋण रु. १ अर्ब ५८ करोड तथा आन्तरिक ऋण रु.३ अर्ब ८६ करोड गरी कुल ऋण रु. ५ अर्ब ४४ करोड परिचालन भएको छ । उक्त रकमबाट उपरोक्त बजेट घाटा तथा अन्य शीर्षकमा रु. ६ करोड पूर्ती गरी श्री ५ को सरकारको खातामा यस महिनाको अन्त्यसम्ममा सरकारी कारोबारबाट रु. ४ अर्ब २ करोड बचत रहेको छ । श्री ५ को सरकारको खातामा गत बर्ष यसै अवधिमा रु. ५ अर्ब ८१ करोड बचत रहेको थियो ।


२५. २०६१ आषाढमा श्री ५ को सरकारको खातामा रु. ७५ करोड बचत रहेकोमा यस वर्ष कुल खर्चको तुलनामा कुल गैर-ऋण साधन उच्च दरले बढेको फलस्वरुप उक्त रकममा वृद्धि भई २०६१ चैत्र मसान्तसम्ममा रु. ४ अर्ब ७७ करोडको बचत भएको छ । फलस्वरुप, श्री ५ को सरकारको तिर्न बाँकी खुद आन्तरिक ऋण २०६१ आषाढको रु. ८५ अर्ब ३८ करोडबाट २०६१ फागुन मसान्तमा रु. ८२ अर्ब ७२ करोडमा झरेको छ ।

## वैदेशिक ब्यापार

२६. भन्सारबाट प्राप्त तथ्याङ्क अनुसार आर्थिक बर्ष २०६१/६२ को प्रथम नौ महिनासम्ममा कुल निर्यात ३.६ प्रतिशतले बृद्धि भई रु ४१ अर्ब ९३ करोड पुगेको छ भने कुल आयात ५.७ प्रतिशतले घटी रु ९३ अर्ब १ करोडमा सीमित हुन पुगेको छ । फलस्वरुप, कुल व्यापार घाटा १२.२ प्रतिशतले घटी रु ५१ अर्ब ८ करोड मा झरेको छ ।

निर्यातमा वृद्धि भए तापनि ठूलो आयातन भएको आयातमा ह्रास आएको कारण कुल व्यापार ३.० प्रतिशतले घटेको छ । गत बर्ष कुल निर्यात र कुल आयात क्रमशः ६.७ प्रतिशत र ८.० प्रतिशत बढेको कारण व्यापार घाटा ९.० प्रतिशतले बृद्धि भएको थियो । फलस्वरुप, कुल व्यापार ७.६ प्रतिशतले बढेको थियो ।


२७. गत बर्ष १२.४ प्रतिशतले बृद्धि भएको भारततर्फको निर्यात यस बर्ष पुनः २१.४ प्रतिशतले बृद्धि भई रु २८ अर्ब ११ करोड पुगेको छ । अन्य मुलुकतर्फको निर्यात भने गत बर्ष ०.२ प्रतिशतले घटेकोमा यस बर्ष २०.२ प्रतिशतले घटी रु १३ अर्ब ८२ करोडमा सीमित रहेको छ । यस बर्ष भारततर्फको निर्यातको प्रमुख वस्तुहरुमध्ये अलैची, वनस्पति घ्यू, चिया, धागो, जुटको सामान, आल्मुनियम सेक्सन, तामाको तार तथा डण्डी, रसायन, कपडा जस्ता वस्तुहरुको निर्यातमा वृद्धि भएको छ भने दन्तमन्जन, अदुवा, ढुटोको तेल, जि.आई. पाइप, एम. एस. पाइप, तयारी पोशाक जस्ता वस्तुहरुको निर्यात घटेको छ । यसैगरी अन्य मुलुकतर्फ ऊनी गलैंचा र गरगहनाको निर्यात न्यून दरले बढेतापनि तयारी पोशाक, प्रशोधित छाला र पश्मिनाको निर्यात घटेको छ ।




२८. निर्यात भएका वस्तुहरुको समूहगत संरचना हेर्दा भारततर्फ भएको निर्यातमा प्राथमिक वस्तु र तयारी वस्तुको अंश गतवर्ष २९.७ प्रतिशत र ७०.३ प्रतिशत रहेकोमा यस बर्ष २८.६ प्रतिशत र ७१.४ प्रतिशत पुगेको छ । अन्य मुलुकतर्फको निर्यातमा प्राथमिक वस्तु र तयारी वस्तुको अंश गत वर्ष ७.१ प्रतिशत र ९२.९ प्रतिशत रहेकोमा यस बर्ष ८.७ प्रतिशत र ९१.३ प्रतिशतमा सीमित भएको छ ।

२९. गत बर्ष ७.८ प्रतिशतले बढेको भारतबाट भएको आयात यस बर्ष ७.४ प्रतिशतले बृद्धि भएको छ । अन्य मुलुकबाट भएको आयात भने गत बर्ष ८.३ प्रतिशतले वृद्धि भएकोमा यस बर्ष २२.६ प्रतिशतले घटेको छ । यस बर्ष भारतबाट मुख्यतया दाल, रसायन, पेट्रोलियम पदार्थ, औषधि, कोल्ड रोल्ड सिट, प्लाष्टिक दाना जस्ता वस्तुहरुको आयात बढेको छ भने गहुँ, चामल, हट रोल्ड सिट, एम.एस. विलेट, अन्य यन्त्र तथा पूर्जाहरु, सिमेन्ट जस्ता वस्तुहरुको आयात घटेको छ । अन्य मुलुकहरुबाट चिनी, यातायातका साधन तथा पूर्जाहरु, स्टीलको तार, कच्चा नरिवल तेलजस्ता वस्तुहरुको आयात बढेको छ भने धागो, कच्चा ऊन, कच्चा सोयाविन तेल, कच्चा पाम तेल, रासायनिक मल, प्लाष्टिक दाना, दूरसंचारका उपकरण तथा पूर्जाहरु, हवाईजहाजका पार्टपूर्जा र विद्युतीय सामानको आयातमा ह्रास आएको छ ।

३०. आयातको संरचनालाई हेर्दा भारतबाट भएको कुल आयातमा औद्योगिक कच्चापदार्थ तथा पूँजीगत सामानको ४३.५ प्रतिशत र पेट्रोलियम पदार्थको ३०.७ प्रतिशत अंश रहेको छ । गत वर्षको सोही अवधिमा भारतबाट भएको आयातमा उक्त वस्तुहरुको अंश क्रमश ५०.६ प्रतिशत र २५.२ प्रतिशत रहेको थियो । त्यसैगरी अन्य मुलुकबाट भएको आयातमा औद्योगिक कच्चा पदार्थ तथा पूँजीगत सामानको अंश गत वर्ष ६१.४ प्रतिशत रहेकोमा यस बर्ष ५४.२ प्रतिशत रहन गएको छ ।




३१. भारततर्फको निर्यात तथा आयात तुलनात्मक रुपमा बढेको तर अन्य मुलुकतर्फको निर्यात तथा आयात दुबैमा ह्रास आएको कारण कुल व्यापारमा भारतको अंश गत बर्षको ५६.५ प्रतिशतबाट वृद्धि भई यस बर्ष ६५.० प्रतिशत पुगेको छ भने अन्य मुलुकतर्फको अंश सोही अनुसार ४३.५ प्रतिशतबाट ३५.० प्रतिशतमा झरेको छ ।

३२. नेपालको कुल निर्यात/आयात अनुपात (Export/Import Ratio) गत बर्ष ४१.० प्रतिशत रहेकोमा यस बर्ष यो अनुपात बढेर ४५.१ प्रतिशत पुगेको छ । भारततर्फको निर्यात/आयात अनुपात गत बर्ष ४१.८ प्रतिशत रहेकोमा यस बर्ष ४७.२ प्रतिशत पुगेको छ । अन्य मुलुकतर्फको अनुपात गत बर्ष ४०.१ प्रतिशत रहेकोमा यस बर्ष ४१.३ प्रतिशत रहेको छ ।

## शोधनान्तर स्थिति

३३. शोधनान्तरको प्रथम आठ महिनासम्मको तथ्याङ्क अनुसार यस वर्ष चालु खातामा उच्च बचत कायम भएको कारण रु. ४ अर्ब ३५ करोडको शोधनान्तर बचत भएको छ । गत वर्षको यसै अवधिमा रु. १० अर्ब ९६ करोडको शोधनान्तर बचत भएको थियो ।

३४. यस वर्ष चालु खाता (Current Account) मा रु. २० अर्ब ५७ करोडको बचत भएको छ । गत वर्षको सोही अवधिमा चालु खातामा रु. १४ अर्ब ४९ करोड बचत भएको थियो । चालु खातातर्फ निर्यात न्यून दरले बढेको तथा आयात घटेको कारण व्यापार घाटा १०.२ प्रतिशतले घटी रु. ४२ अर्ब २० करोडमा झरेको छ । गत वर्षको सोही अवधिमा व्यापार घाटा ८.१ प्रतिशतले बढेको थियो ।

३५. सेवातर्फ अन्यत्र नपरेको सरकारी आय ९.२ प्रतिशतले वृद्धि भई रु. ४ अर्ब ४१ करोड पुगेको छ भने पर्यटन आय ३२.८ प्रतिशतले घटी रु. ७ अर्ब ३७ करोड पुगेको र अन्य सेवा आय ५.८ प्रतिशतले घटी रु. ५ अर्ब १५ करोड पुगेको छ । फलस्वरुप, गत वर्ष २६.८ प्रतिशतले बढेको कुल सेवा आय यस वर्ष १७.३ प्रतिशतले घट्न गई रु. १६ अर्ब ९३ करोडमा सीमित रहेको छ । सेवा क्षेत्रको भुक्तानीतर्फ पर्यटन तथा अन्य खर्च क्रमशः २७.५ प्रतिशत र १९.५ प्रतिशतले बढेको तर यातायात क्षेत्रको खर्च ४.४ प्रतिशतले घटेको कारण कुल सेवा भुक्तानी ११.७ प्रतिशतले वृद्धि भई रु. १५ अर्ब ८६ करोड पुगेको छ ।

३६. आय शीर्षकतर्फको प्राप्ति (Income Credit) ४४.१ प्रतिशतले वृद्धि भई रु. २ अर्ब ९४ करोड पुगेको छ । त्यस्तै, उक्त शीर्षकतर्फको भुक्तानी १३.१ प्रतिशतले बृद्धि भई रु. ३ अर्ब ९५ करोड पुगेको छ । फलस्वरुप, वस्तु, सेवा तथा आयतर्फको समग्र घाटा ०.१ प्रतिशतले घटी रु. ४२ अर्ब १४ करोड पुगेको छ । यस्तो घाटा गत वर्ष ६.७ प्रतिशतले बढेको थियो ।


३७. ट्रान्सफर आयतर्फ गत वर्ष ५३.८ प्रतिशतको उच्च दरले वृद्धि भएको अनुदान यस वर्ष १०.६ प्रतिशतले वृद्धि भई रु. १३ अर्ब ८७ करोड पुगेको छ । निजी क्षेत्रको विप्रेषण (Workers' Remittances) गत वर्षको ४.० प्रतिशत वृद्धिको तुलनामा यस वर्ष २.६ प्रतिशतले वृद्धि भई रु. ४१ अर्ब ५४ करोड पुगेको छ । यस वर्ष निवृत्तिभरण (Pension) आय ८४.२ प्रतिशतको उच्च दरले वृद्धि भई रु. ८ अर्ब २५ करोड पुगेको छ भने अन्य शीर्षकमा रहेको भारतीय अन्तःशुल्क फिर्ता रकम ०.८ प्रतिशतले घटी रु. १ अर्ब ३० करोडमा झरेको छ । ट्रान्सफर भुक्तानी ३.८ प्रतिशतले वृद्धि भई रु. २ अर्ब २६ करोड पुगेको छ । गत वर्ष यस्तो भुक्तानी २२.८ प्रतिशतले बढेको थियो ।

३८. पूँजीगत ट्रान्सफर वापत यस वर्ष रु. ७२ करोड प्राप्त भएको छ । गत वर्ष पूँजीगत ट्रान्सफर रु. १ अर्ब १० करोड प्राप्त भएको थियो ।

३९. वित्तीय खाता (Financial Account) तर्फ अन्य लगानी सम्पत्ति (Other Investment Assets) गत वर्ष रु. २६ अर्ब ६६ करोड थप भएकोमा यस वर्ष रु. २० अर्ब ४६ करोड थप भएको छ, जसमध्ये व्यापारिक ऋण रु. २ अर्ब २१ करोडले बढेको छ । अन्य लगानी दायित्व (Other Investment Liabilities) गत वर्ष रु. १७ अर्ब ४५ करोडले बढेकोमा यस वर्ष रु. १ अर्ब ८० करोडले घटेको छ । यसमध्ये व्यापारिक ऋण (Trade Credit) रु. १ अर्ब २७ करोडले घटेको छ । यस वर्ष रु. ५ अर्ब ३० करोड बराबरको सरकारी ऋण आप्रवाह भएको र साँवा भुक्तानी रु. ३ अर्ब ६४ करोड रहेको छ । फलस्वरुप, खूद सरकारी ऋण आप्रवाह रु. १ अर्ब ६६ करोड भएको छ । यस वर्ष विदेशी मुद्रा तथा निक्षेप दायित्व रु. १ अर्ब ९८ करोडले घटेको छ । सोही अनुरुप वित्तीय खाता रु. २२ अर्ब ३० करोडले ऋणात्मक रहन गएको छ ।

**विदेशी विनिमय संचिति**

४०. कुल विदेशी विनिमय संचिति २०६० चैत्र मसान्तमा ८.० प्रतिशतले वृद्धि भएको तुलनामा २०६१ चैत्र मसान्तमा ९.२ प्रतिशतले वृद्धि भई रु. १ खर्ब ३३ अर्ब ५३ करोड पुगेको छ । २०६० चैत्रको तुलनामा २०६१ चैत्रमा परिवर्त्य बिदेशी विनिमय संचिति २०.९ प्रतिशतले वृद्धि भएको छ । अन्य मुलुक तर्फको आयात उच्च दरले घटेको तथा बैंकिङ्ग प्रणालीबाट आउने बिप्रेषण रकम बढेको कारण आर्थिक वर्ष २०६१/६२ को प्रथम नौ महिनासम्ममा परिवर्त्य संचिति बढेको हो । यस अवधिमा भारतबाट आउने बिप्रेषण घटेको तथा खुद सेवा आय नकरात्मक रहेकोले अपरिवर्त्य संचिति ७५.४ प्रतिशतले घटेको छ । गत वर्ष परिवर्त्य संचिति १५.२ प्रतिशतले बढेको थियो भने अपरिवर्त्य संचिति २५.६ प्रतिशतले घटेको थियो । विद्यमान कुल संचितिमा परिवर्त्य संचितिको अंश ९७.३ प्रतिशत र अपरिवर्त्य संचितिको अंश २.७ प्रतिशत रहेको छ । गत वर्ष यो अंश क्रमशः ८७.८ प्रतिशत र १२.२ प्रतिशत रहेको थियो । यस वर्षको प्रथम नौ महिनासम्मको आयातलाई आधार मान्दा विदेशी विनिमय संचितिको बिद्यमान स्तरले १२.९ महिनाको वस्तु आयात र १०.८ महिनाको वस्तु तथा सेवा आयात धान्न पर्याप्त रहेकोले संचितिको स्तर सुविधाजनक रहेको छ ।




**अन्तर्राष्ट्रिय बजारमा कच्चा पेट्रोलियम तथा सुनको मूल्य स्थिति**

४१. गत बर्ष चैत्र मसान्तमा कच्चा पेट्रोलियम (Crude Oil Brent) को मूल्य प्रति व्यारल अमेरिकी डलर ३३.७ रहेकोमा यस बर्षको सोही अवधिमा ४७.८ प्रतिशतले बुद्धि भई प्रति व्यारल अमेरिकी डलर ४९.८ पुगेको छ । यसै गरी अर्न्तराष्ट्रिय बजारमा सुनको मूल्य गत वर्ष चैत्र मसान्तको तुलनामा यस वर्ष चैत्र मसान्तमा ६.६ प्रतिशतले बृद्धि भई प्रति औंस अमेरिकी डलर ३९८.३ बाट अमेरिकी डलर ४२४.६ पुगेको छ ।

*****